नेपाल सरकार
# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

फोनः ४२११७०६, ४२११८३२, ४२११४७८, ४२११४७६

फ्याक्स : ४२११४८०

सिंहदरबार, काठमाडौं
नेपाल ।


पत्र संख्याः ०७५/०७६
चलानी नं.: २२

मितिः २०७५।०४।१३

विषयः कार्य सम्पादन मूल्याङ्कन गर्ने सम्वन्धमा ।

श्री पशु सेवा विभाग
हरिहरभवन, ललितपुर ।

प्रस्तुत विषयमा स्थानीय तह र प्रदेशमा कार्यरत कर्मचारी तथा पशुसेवा विभाग मातहत रहेका साविकका सम्पूर्ण निकायहरुमा कार्यरत कर्मचारीहरुको आ.व. २०७४/०७५ को कार्य सम्पादन मूल्याङ्कन तपसिल बमोजिम गर्ने गराउने व्यवस्था मिलाउन हुन यस मन्त्रालयको मिति २०७५।०४।१३ गतेको (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्था सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९, मिति २०७५।०४।०३ को पत्र बमोजिम गर्ने ।

२. प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारी बाहेक पशुसेवा विभाग मातहत रहेका साविकका सम्पूर्ण निकायहरुमा कार्यरत रा.प. द्वितीय श्रेणीका कर्मचारीहरुको सुपरिवेक्षक र रा.प. तृतीय श्रेणीका कर्मचारीहरुको पुनरावलोकन कर्ता भई कार्य सम्पादन मूल्याङ्कन गर्न पशुसेवा विभागका महानिर्देशकलाई जिम्मेवारी तोक्ने ।

३. प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारी बाहेक पशुसेवा विभाग मातहत रहेका साविकका सम्पूर्ण निकायहरुमा कार्यरत रा.प. तृतीय श्रेणीका कर्मचारीहरुको सुपरिवेक्षक भई कार्य सम्पादन मूल्याङ्कन गर्न पशुसेवा विभागका महानिर्देशकले रा.प. द्वितीय श्रेणीका कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने ।

४. प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारी बाहेक पशुसेवा विभाग मातहत रहेका साविकका सम्पूर्ण निकायहरुमा कार्यरत रा.प. अनंकित र श्रेणी विहिन श्रेणीका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने व्यवस्था पशुसेवा विभागका महानिर्देशकले मिलाउने ।

५. खारेजीमा परेका कार्यालयमा कार्यरत कर्मचारीहरुको सम्बन्धमा यस मन्त्रालयको मिति २०७५।०३।३१ को निर्णयानुसार सम्बन्धित जिल्लाका मालपोत कार्यालयहरुमा कार्य सम्पादन मूल्याङ्कन फाराम दर्ता भएकोमा उक्त का.स.मू. फाराम मूल्याङ्कन गर्ने प्रयोजनका लागि पशुसेवा विभागमा र स्थानीय तहमा खटिइएका कर्मचारीहरुले जिल्ला मालपोत कार्यालयमा दर्ता गरेको भए उक्त का.स.मू. फाराम मूल्याङ्कनका लागि सम्बन्धित कर्मचारी कार्यरत रहेकै स्थानीय तहमा पठाउन कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय(भूमि व्यवस्था) लाई परिपत्र गरि दिने व्यवस्थाको लागि अनुरोध गर्ने ।

अनिल नारायण महर्जन
शाखा अधिकृत

बोधार्थः
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय(भूमि व्यवस्था) :- मालपोत कार्यालयहरुलाई परिपत्र गरिदिन हुन अनुरोध छ ।